मुख्यमन्त्री

कोशी प्रदेश, विराटनगर, नेपाल

# शुभकामना

संयुक्त राष्ट्रसंघको आह्वानमा सन १९९२ देखी अपाङ्गता भएका व्यक्तिको अधिकारलाई सम्मान गर्दै संसारभरी हरेक वर्ष मनाउने गरिएको अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय दिवसको आज हामी ३२ औं दिवस मनाइरहेका छौं। "United in action to rescue and achieve the SDGs for, with and by persons with disabilities" **भन्ने अन्तर्राष्ट्रिय नारा र "दिगो विकासको लक्ष्य प्राप्तिको प्रतिवद्धताः अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यवद्धता" भन्ने राष्ट्रिय** नाराका साथ यस वर्षको दिवस विभिन्न गतिविधि सहित मनाइँदैछ। तसर्थ यस महत्वपूर्ण घडीमा सम्पूर्ण नेपाली तथा विश्वभरका अपाङ्गता भएका दिदीबहिनी, दाजुभाइ, अपाङ्गता भएका व्यक्तिको हक अधिकारको लागि निरन्तर क्रियाशिल संघ, संस्था, नागरिक समाज, वुद्धिजीवी लगायत सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु।

हामीले संविधान, नीति र कानूनहरूमा अधिकारमुखी सोचबाट निकै राम्रा र उत्साहाजनक उपलब्धि हासिल गरेका छौं तर ती नीति र कानूनमा भएका व्यवस्थालाई अक्षरस कार्यान्वयन गराउँदै अपाङ्गता भएका व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन अझै धेरै गर्न बाँकी छ। अपाङ्गतालाई समाज र परिवारले हेर्ने दृष्टिकोण र गर्ने व्यवहारमा ठूलो परिवर्तन ल्याउनुछ। शिक्षा, स्वास्थ्य, रोजगारी, पुनर्स्थापना, सहभागिता, प्रतिनिधित्व, न्यायमा पहुँच जस्ता अत्यावश्यक अधिकारलाई समावेशी बनाउन धेरै काम गर्न बाँकी छ।

अपाङ्गता भएका व्यक्तिमाथि हुने मानवअधिकार हननका घटनामा खवरदारी गरेर राज्यको हस्तक्षेप बढाउनुछ भने निर्णय प्रकृयामा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्न सशक्तिकरण गर्नु पनि त्यतिकै जरूरी छ। दिगो विकास लक्षका कार्यक्रम र यसको स्थानीयकरणसँग जोडिएका कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरू समेटिन सकेका छैनन् जसको लागि प्रदेश सरकार आफूले निर्वाह गर्नुपर्ने दायित्व प्रति प्रतिवद्ध छ।

यसै अवसरमा अपाङ्गता भएका व्यक्तिहरुको ३२ औं अन्तराष्ट्रिय दिवसले विभेदरहित, समतामूलक, समावेशी, सभ्य र सुसंस्कृत समाजको निर्माण गर्न प्रेरणा दिनेछ भन्ने कामना सहित फेरी पनि सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

मितिः २०८० मंसिर १७ गते आइतबार

केदार कार्की
मुख्यमन्त्री